# पोखरा विश्वविद्यालय
## स्वास्थ्य विज्ञान संकाय
## पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको
# पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति २०८०/०७/१४ गते)

पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको लागि देहायमा उल्लेख भएका पदहरु करार सेवाका लागि पदपूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट मिति २०८०/०८/१३ गते कार्यालय समय भित्र पोखरा विश्वविद्यालय, शिक्षण अस्पताल पोखरा-३०, खुदी, कास्कीमा आइपुग्ने गरी आवेदन गर्न दरखास्त आव्हान गरिन्छ । आवेदन फाराम साथ आवेदन र लिखित परीक्षा दस्तुर कामना सेवा विकास बैंक पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको खाता नं ०१७००३००६१२७४८००००१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर र निम्न लिखित कागजातहरु सहितको फायल पेश गर्नु पर्ने छ ।

आवेदन फाराम विश्वविद्यालयको वेभसाईट https://pu.edu.np/ मा उपलब्ध छ ।

१) शैक्षिक योग्यताका प्रमाणपत्र र लब्धाङ्क पत्रहरुको प्रतिलिपि

२) सम्बन्धित परिषद्को प्रमाणपत्रको प्रतिलिपि

३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४) अनुभव र तालिमको प्रमाणपत्रको प्रतिलिपि

५) १ (एक) प्रति वायोडाटा

६) शैक्षिक पदका लागि प्रकाशित अनुसन्धानात्मक कृति र अन्य प्रकाशनको कागजातहरु

७) बेतनक्रम पोखरा विश्वविद्यालयको नियम बमोजिम हुनेछ ।

८) सम्पर्क स्थान : पोखरा विश्वविद्यालय शिक्षण अस्पताल, पोखरा विश्वविद्यालय, पोखरा - ३०, खुदी,कास्की ।

९) सम्पर्क मिति : २०८०/०८/२० गते कार्यालय समय भित्र ।

| क्र.सं | पद | विषय | समूह | आवस्यक संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १. | उप–प्राध्यापक | जनरल फिजिसियन | मेडिसिन | २ (दुई) | २८००/- |
| २. | उप–प्राध्यापक | पेडियाट्रिसियन | पेडियाट्रिक्स | १ (एक) | २८००/- |
| ३. | उप–प्राध्यापक | जनरल सर्जन | सर्जरी | १ (एक) | २८००/- |
| ४ | उप–प्राध्यापक | एनेष्थेसियोलोजिष्ट | एनेष्थेसिया | १ (एक) | २८००/- |
| ५ | उप–प्राध्यापक | रेडियोलोजिष्ट | रेडियोलोजी | १ (एक) | २८००/- |
| ६ | उप–प्राध्यापक | जनरल प्राक्टिसियन (एम.डी.जि.पी) | मेडिकल जनरलिष्ट | १ (एक) | २८००/- |

| क्र.स. | तह श्रेणी | पद | समूह | आवश्यक संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | अधिकृत तृतीय | मेडिकल अधिकृत | मेडिसिन | ३ (तीन) | २५००/- |
| २ | अधिकृत तृतीय | डेन्टल अधिकृत | डेन्टिष्ट्री | १ (एक) | २५००/- |
| ३ | सहायक | स्टाफ नर्स (मुख्य सहायक) | नर्सिङ | ६ (छ) | १९००/- |
| ४ | सहायक | हेल्थ असिस्टेन्ट (मुख्य सहायक) | हेल्थ इन्सपेक्सन | २ (दुई) | १९००/- |
| ५ | सहायक | फार्मेसी सहायक (मुख्य सहायक) | फार्मेसी | १ (एक) | १९००/- |
| ६ | सहायक | रेडियोग्राफी टेक्निसियन (मुख्य सहायक) | रेडियोग्राफी | १ (एक) | १९००/- |
| ७ | सहायक | डेन्टल हाइजिनीष्ट (मुख्य सहायक) | डेन्टिष्ट्री | १ (एक) | १९००/- |

न्यूनतम योग्यता :

१. **उप-प्राध्यापक** : मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह न्यूनतम द्धितीय श्रेणीमा उतीर्ण, २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. **मेडिकल अधिकृत** : मान्यता प्राप्त विश्वविद्यालयबाट MBBS तह उत्तीर्ण, २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

३. **डेन्टल अधिकृत** : मान्यता प्राप्त विश्वविद्यालयबाट BDS तह उत्तीर्ण, २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

४. **रेडियोग्राफी टेक्निसियन** : मान्यता प्राप्त बोर्ड वा शिक्षण संस्थाबाट सम्बन्धित विषयमा डिप्लोमा तह / पि.सि.एल. तह उत्तीर्ण वा सो सरह, १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

५. **स्टाफ नर्स** : मान्यता प्राप्त बोर्ड वा शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उत्तीर्ण / पि.सि.एल. तह वा सो सरह, १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

६. **हेल्थ असिष्टेन्ट** : मान्यता प्राप्त बोर्ड वा शिक्षण संस्थाबाट एच. ए. कोर्ष उत्तीर्ण वा सो सरह, १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

७. **डेन्टल हाईजिनिष्ट** : मान्यता प्राप्त बोर्ड वा शिक्षण संस्थाबाट डेन्टल हाईजिनिष्ट वा PCL in Dental Hygiene कोर्ष उत्तिर्ण वा सो सरह, १८ वर्ष पूराभई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

८. **फार्मेसी सहायक** : मान्यता प्राप्त बोर्ड वा शिक्षण संस्थाबाट Diploma in Pharmacy कोर्ष उत्तीर्ण वा सो सरह, १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

उपरोक्त सवै पदहरुका लागि सम्वन्धित परिषद्मा दर्ता भएको हुनुपर्नेछ ।

**थप जानकारीका लागि :**

**सम्पर्क फोन** : ०६१-५०४१६५/०६१-५०४१६६/०६१ ५०४०४६

र विश्वविद्यालयको वेभसाईट https://pu.edu.np/ मा हेर्न सकिनेछ ।